नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Ratnanagar-1, Chitwan, Nepal
Tel: +977-56561258/560608, Fax: +977-56561670
www.ndbl.com.np, Info@ndbl.com.np

# २१ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०।०२।३०

संचालक समितिको मिति २०८०/०२/२९ को निर्णयानुसार यस कम्पनीको २१ औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल गर्न बोलाउने निर्णय भएको हुनाले शेयरधनीहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

**साधारण सभाको मिति, समय, स्थान**

**मितिः** २०८० असार १९ गते मंगलबार।

**स्थानः** होटल मोनालिसा, सौराहा, चितवन।

**साधारण सभा हुने समयः** बिहान ११:३० बजे।

**छलफलको विषयः**

**(क) साधारण प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युको आर्थिक वर्ष २०७८/०७९ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आसार मसान्तको वितीय विवरण, सोही मितिमा पेश भएको आर्थिक वर्ष २०७८/०७९ को नाफा नोक्सान हिसाब विवरण, नगद प्रबाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण र सो सँग सम्बन्धित अनूसुचीहरु सहितको वित्तीय विवरणहरु पारित गर्ने।

३. लेखापरिक्षण समितिको सिफारीसमा बैंकको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्न बाह्य लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

४. संचालकहरुको मनोनयन/निर्वाचन गर्ने।

५. विविध।

**(ख) बिशेष प्रस्तावहरु :**

१. यस नारायणी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) हुने, रणनीतिक साझेदार, नयाँ लगानीकर्ता भित्र्याउने प्रयोजनका लागि उपयुक्त बैंक वित्तीय संस्था, साझेदार, लगानीकर्ताको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मुल्याकंन (Due Diligence Audit) गर्ने परामर्शदाता, मुल्याकंनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने।

२. कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा कम्पनीको आवश्यकता अनुसार तथा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, सुझाव भएमा सोही अनुसार आवश्यक फेरवदल गर्न संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकुती दिने।

३. विविध।

## २१ औं बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू

१. २१औं वार्षिक साधारण सभा प्रयोजनका लागि २०८०/०३/१० गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ। मिति २०८०/०३/०९ गते सम्म नेपाल स्टक एक्सचेञ्जमा कारोबार भई प्रचलित कानून बमोजिम बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइ.एम.इ क्यापिटल लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन हाजिर गर्न योग्य हुनेछन्।

२. बार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहाने शेयरधनी महानुभावले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधीपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतिनिधीपत्र भरी प्रतिनिधी नियुक्त गर्नुपर्नेछ। यसरी नियुक्त प्रतिनिधीले कम्तीमा ४८ घण्टा अगावै बैंकमा प्रतीनिधीपत्र (प्रोक्सी) दर्ता गरीसक्नुपर्नेछ।

३. अन्य थप जानकारीको लागी यस बैंकको केन्द्रीय कार्यलय रत्ननगर १, टाँडी चितवनमा सम्पर्क गर्नुहुन वा बैंकको सूचना पाटीमा उल्लेखित ब्यहोराको जानकारी लिनुहुन अनुरोध गरिन्छ।

४. संचालक निर्वाचन सम्बन्धि सूचना बैंकको सूचना पाटीमा टाँस गरिनेछ।

**अध्यक्ष ज्यूको आज्ञाले**
**कम्पनी सचिव**